SWiFT Evaluation
EVIDENCE FOR SAFE MIGRATION

LONDON SCHOOL of HYGIENE &TROPICAL MEDICINE

**स्वीफ्ट अनुसन्धान जानकारी पत्र**

**नेपाल जानकारी पत्र, संख्या १, अक्टोबर २०१६**

स्टडी अन वर्क इन फ्रिडम ट्रान्स्न्यासनल (स्वीफ्ट) को मूल्यांकनबाट पत्ता लागेका जानकारी

# दोलखा, नेपालबाट हुने श्रम प्रवासनका बारेमा हामीलाई के थाहा छ ?

**यस जानकारी पत्रमा नेपालको मध्यमाञ्चल विकास क्षेत्रको जिल्ला दोलखाबाट भइरहेको श्रम प्रवासन सम्बन्धी नयाँ जानकारी दिइएका छन् । यो अध्ययन नेपालबाट भइरहेको श्रम प्रवासन र बँधुवा श्रम सम्बन्धी बृहत्तर अध्ययनको एउटा अंश हो । यस जानकारी पत्रमा यी विषयका जानकारी दिइएका छन्: श्रम प्रवासनको स्थानीय प्रचलन, रेमिटेन्स, मोबाइल फोनको प्रयोग, कामदारले काम गर्ने मुख्य क्षेत्र र रिपोर्ट गरिएका चोटपटक आदि जस्ता प्रवासी कामदार र त्यहाँबाट फर्केका मानिसका घरपरिवारका मुख्य विशेषता । यस अध्ययनले प्रवासनलाई सुरक्षित बनाउन र बँधुवा मजदुर र मानव तस्करी लगायतका प्रवासनसँग सम्बन्धित दुर्व्यवहार घटाउन गरिने कामका मुख्य लक्षित समूह सम्बन्धी जानकारी दिएको छ ।**

## पृष्ठभूमि

श्रम प्रवासन नेपालका घरपरिवार र राष्ट्रको आयको ठूलो स्रोत हो । सन् २०१६ मा नेपालको कुल गार्हस्थ उत्पादनको ३० प्रतिशत बराबरको रकम रेमिट्यान्सबाट भित्रिएको अनुमान गरिन्छ ।[१] नेपाल जीवनस्तर सर्वेक्षणका अनुसार २०१०/२०११ मा ५३ प्रतिशत नेपाली घरपरिवारका कम्तीमा पनि एक जना सदस्य घरबाहिर गएका थिए । तीमध्ये ३३ प्रतिशत विदेशमा रहेको विश्वास गरिन्छ ।[२] हाल गरिएको अनुमान अनुसार प्रवासनको मात्रा बढ्ने क्रम भविष्यमा पनि जारी रहन्छ ।[३] यस सर्वेक्षणले दोलखाबाट हुने प्रवासन र घरपरिवार सम्बन्धी जानकारी संकलन गरेको छ जसले गर्दा विदेश जान चाहनेलाई सुरक्षित प्रक्रिया अपनाउन सहयोग गर्न र उनीहरूले शोषण र दुर्व्यवहारमुक्त वातावरणमा काम गर्न पाऊन् भन्ने उद्देश्यले चलाइने कार्यक्रम के कस्ता हुनुपर्छ भन्ने निर्णय गर्न सजिलो हुन्छ । खासगरी यस सर्वेक्षणले अन्तर्राष्ट्रिय श्रम संगठनको 'वर्क इन फ्रिडम' कार्यक्रमलाई सहयोग पुग्ने जानकारी प्राप्त हुने आशा गरिएको छ ।


## सर्वेक्षण

दोलखाको प्रवासनको ढाँचाबारे थाहा पाउन त्यहाँका १२५३ घरधुरी (भीमेश्वर-१ एन १०४५, काभ्रे-३, एन १६४ र सुरी-६ एन ४४) गणना गरिएको थियो । यी घरका ५९६१ जनाको जनसांख्यिक र प्रवासन सम्बन्धी जानकारी संकलन गरियो । सर्वेक्षण गरिएका घरधुरी विभिन्न जाति/जनजातिका थिए । सबैभन्दा बढी क्षत्री, पहाडे ब्राह्मण र नेवारका घरपरिवार थिए । सबैभन्दा बढी (१४ प्रतिशत) दलित भएको सर्वेक्षण स्थल काभ्रे थियो ।

## दोलखामा श्रम प्रवासन कत्तिको चल्तीमा छ ?

- एकतिहाइ घरधुरीका कम्तीमा पनि एक जना व्यक्ति कामका लागि विदेश गएका थिए ।
- १५ प्रतिशत घरधुरीका कम्तीमा पनि एक जना व्यक्ति विदेशमा काम गरिरहेका थिए ।
- ७ प्रतिशत घरधुरीका मूलीले आफ्नो परिवारका सदस्यले आगामी ६ महिनाभित्रमा कामका लागि विदेश जाने विचार गरेको बताएका थिए ।

**चित्र १: ठाउँ अनुसार घरधुरीबाट भएको श्रम प्रवासन (संख्या=१२५३)**





## को को विदेश जाने सम्भावना बढी छ ?

महिलाभन्दा बढी पुरुष (क्रमशः २ र २१ प्रतिशत) कामका लागि विदेश गएको हुने सम्भावना हुन्छ । पुरुषमध्ये पनि कामका लागि हाल विदेश गएकामा १९-४४ वर्षका (१२ प्रतिशत) मानिसको मात्रा बढी थियो । १९-२४ वर्षका मानिस कामका लागि विदेश जाने बढी (७ प्रतिशत) सम्भावना थियो । प्राथमिक शिक्षा हासिल गरेका पुरुष कामका लागि विदेश जाने दर सबैभन्दा बढी (१४ प्रतिशत) थियो । दोस्रोमा माध्यमिक अथवा उच्च माध्यमिक शिक्षा हासिल गरेका युवा थिए (१० प्रतिशत) । विवाहित पुरुष (हाल विदेशमा रहेकामध्ये ९ प्रतिशत) विदेश जाने चलन अविवाहित (हाल विदेशमा रहेकामध्ये ७ प्रतिशत) भन्दा धेरै छ । महिला कामका लागि विदेश जाने चलन कम छ तर एक न एक पटक कामका लागि विदेश गएको बताउने ६५ प्रतिशत महिला ३० वर्षभन्दा कम उमेरका थिए । कामका लागि विदेश जाने महिलालाई शोषणबाट जोगाउनका लागि भनेर त्यति बेला सरकारले ३० वर्षभन्दा मुनिका महिलालाई विदेश जान रोक लगाएको थियो । यसबाहेक कामका लागि विदेश जानेमध्ये पुरुषका तुलनामा (२८ प्रतिशत) महिला (५६ प्रतिशत महिला) दोहोऱ्याएर विदेश जाने चलन थियो ।


## मानिसहरू कहाँ जान्छन् र कुन क्षेत्रमा काम गर्छन् ?

धेरै कामदारहरू मलेसिया (३७ प्रतिशत), भारत (२८ प्रतिशत) र साउदी अरेबिया (१३ प्रतिशत) गएका थिए । महिलाहरू कुवेत (१७ प्रतिशत), लेबनान (१७ प्रतिशत), भारत (१३ प्रतिशत), मलेसिया (११ प्रतिशत) र संयुक्त अरब इमिरेट्स (११ प्रतिशत) गएका थिए । एकचौथाइ पुरूष कारखानामा काम गर्थे/गरेका थिए । १० प्रतिशतले सुरक्षा गार्डका रूपमा र १० प्रतिशतले भरियाका रूपमा, नौ प्रतिशतले निर्माण क्षेत्रमा काम गरेका थिए । आधाभन्दा बढी (५२ प्रतिशत) महिलाले घरेलु कामका रूपमा काम गरेका थिए ।

चित्र २ः लिंग अनुसार श्रम प्रवासन




चित्र ३ः लिंग अनुसार कामका लागि पहिले एक न एक पटक विदेश गएका




तालिका १ः एक न एक पटक विदेश गएकाको प्रवासनको इतिहास, लिंग अनुसार, संख्या (प्रतिशत)

| | पुरूष (संख्या=४४३) | महिला (संख्या=४६) | कुल (संख्या=४८९) |
|---|---|---|---|
| गन्तव्य (एकभन्दा धेरै छनोट) | | | |
| मलेसिया | १६६ (३७.४) | ५ (१०.९) | १७१ (३२.१) |
| भारत | १२६ (२८.४) | ६ (१३.०) | १३२ (२४.८) |
| सउदी अरेबिया | ५६ (१२.६) | १ (२.२) | ५७ (११.६) |
| संयुक्त अरब इमिरेट्स | ४० (९.०) | ५ (१०.९) | ४६ (९.४) |
| कतार | ४० (९.०) | २ (४.४) | ४२ (८.६) |
| कुवेत | १४ (३.२) | ८ (१७.४) | २२ (४.५) |
| लेबनान | २ (०.५) | ८ (१७.४) | १० (२.०) |
| न्यून मध्य आय भएका अन्य देश* | १८ (४.१) | १ (२.२) | १९ (३.९) |
| उच्च आय भएका अन्य देश* | १९ (४.३) | १० (२१.७) | २९ (५.९) |
| विदेशमा गरेका काम (एकभन्दा धेरै छनोट) | | | |
| कारखाना | १०२ (२३.०) | ४ (८.७) | १०६ (२१.६) |
| सुरक्षा | ४५ (१०.१) | १ (२.२) | ४६ (९.४) |
| श्रमिक/भरिया | ४५ (१०.१) | ० | ४५ (९.२) |
| रेष्टुराँ/अतिथि सत्कार | ४१ (९.२) | २ (४.४) | ४३ (८.८) |
| घरायसी कामदार | १९ (४.३) | २४ (५२.२) | ४३ (८.८) |
| निर्माण | ३८ (८.६) | ० | ३८ (७.७) |
| खुद्रा | ३० (६.८) | २ (४.४) | ३२ (६.५) |
| यातायात | ३१ (७.०) | ० | ३१ (६.३) |
| कार्यालयको काम | १८ (४.१) | २ (४.४) | २० (४.१) |
| सरसफाइको काम | १४ (३.२) | १ (२.२) | १५ (३.१) |
| अन्य | १२७ (२८.६) | ४ (८.७) | १३१ (२६.७) |
| थाहा नभएको | ५२ (११.७) | ४ (८.७) | ५७ (११.६) |

*विश्व बैंकको वर्गीकरण सन् २०१२ अनुसार । निम्न मध्य आय भएका देशमा अफगानिस्तान, भुटान, चीन, इराक, किर्गिजिस्तान र टर्की पर्छन् भने उच्च आय भएका देशमा बहराइन, बेल्जियम, साइप्रस, जापान, दक्षिण कोरिया, ओमान, पोर्चुगल, संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिका पर्छन् ।

## परिवारका सदस्य कामका लागि विदेशमा रहेका कति घरपरिवारले रेमिट्यान्स पाइरहेका छन् ?

कम्तीमा एक जना सदस्य कामका लागि विदेशमा रहेका घरपरिवारमध्ये लगभग ८० प्रतिशतले रेमिट्यान्स पाइरहेका थिए । सर्वेक्षण गरिएकामध्ये दुईतिहाइले घरायसी कामका लागि लिएको ऋण (औसतमा रु २ लाख) तिर्न बाँकी भएको बताएका थिए । त्यसैले ऋण तिर्नका लागि रेमिट्यान्स उपयोग हुनु (ग्रामीण भेगमा लगभग दुईतिहाइ र भीमेश्वरमा एकतिहाइभन्दा अलिकति बढी) अनौठो कुरा होइन । घरायसी खर्च (खाना र लुगा), शिक्षा र स्वास्थ्य रेमिट्यान्स खर्च हुने अन्य क्षेत्र हुन् ।

## कामका लागि विदेश गएका व्यक्ति परिवारको सम्पर्कमा छन् ?

८२ प्रतिशतभन्दा बढी घरपरिवारले कामका लागि विदेश गएका परिवारका सदस्यसँग अघिल्लो हप्ता सम्पर्क भएको बताएका थिए । विदेश गएका महिलासँग भन्दा पुरूषसँग नियमित रूपमा सम्पर्क भएको थियो । सम्पर्क भएकामध्ये झण्डै सबै (९८ प्रतिशत) ले मोबाइल फोनमार्फत सम्पर्क भएको बताएका थिए ।

## कामदारले आशा गरेजति तलब पाउँछन् ?

घरपरिवारका मूलीसँग कुराकानी गर्दा के पाइयो भने ६१ प्रतिशत कामदारले आफूले आशा गरेजति तलब पाएका थिए । झण्डै एकतिहाइ कामदारले आशा गरेजति तलब पाएका थिएनन् । तर, १४ प्रतिशत घरमूलीले विदेशमा काम गर्ने आफ्ना परिवारका सदस्यले आफूले आशा गरेजति तलब पाए/नपाएको आफूलाई थाहा नभएको बताएका थिए ।

## कति कामदारले घाइते भएको खबर गरेका थिए ?

झण्डै १० प्रतिशत कामदार (सबै पुरूष) ले आफूलाई सामान्य चोटपटक लागेको कुरा आफ्ना परिवारलाई बताएका थिए । चार जना (तीन जना पुरूष र एक जना महिला) ले गम्भीर चोट लागेको बताएका थिए । यसका आधारमा चोटपटक लाग्ने कामदारको प्रतिशत यति नै होला भनी अनुमान गर्न सकिन्छ । १२ प्रतिशत घरमूलीले आफ्ना परिवारका सदस्यलाई चोटपटक लागे/नलागेको आफूले थाहा नपाएको बताएका थिए । कामका लागि विदेश गएकाले आफूलाई स्वास्थ्य समस्या आइलागेको कुरा आफ्ना परिवारलाई नबताएका पनि हुन सक्छन् खासगरी सामान्य चोटपटक लाग्दा ।

# सुझावहरू

अध्ययनबाट पत्ता लागेका जानकारीले दोलखामा कामदार विदेश जानुअघि उनीहरूका लागि कस्ता कार्यक्रम चलाउनुपर्छ भन्नेबारेमा महत्वपूर्ण अन्तरज्ञान दिएका छन् ।

↗ **लक्षित कार्यक्रमः** विभिन्न मानिसका लागि उपयुक्त हुने कार्यक्रम चलाउँदा फाइदा पुग्छः

- दोलखाका थामी र शेर्पाभाषी समुदायबीचमा श्रम प्रवासन बढी छ,
- विवाहित युवा र प्राथमिक शिक्षा पाएका मानिसमा विदेश जाने चलन बढी छ,

तालिका २ः लिंग अनुसार हाल विदेशमा रहेका कामदारको अवस्था, घरमूलीले भनेका आधारमा, संख्या (प्रतिशत)

| | पुरूष (संख्या=१८२) | महिला (संख्या=२६) | कुल (संख्या=२०८) |
|---|---|---|---|
| आफ्नो परिवारका सदस्यसँग भएको सबैभन्दा पछिल्लो सम्पर्क | | | |
| कहिल्यै सम्पर्क नभएको | २ (१.१) | २ (७.७) | ४ (१.९) |
| गएको हप्ता | १५१ (८३.०) | २० (७६.९) | १७१ (८२.२) |
| गएको महिना | २३ (१२.६) | ३ (११.५) | २६ (१२.५) |
| गएको ६ महिना | ६ (३.३) | १ (३.९) | ७ (३.४) |
| सम्पर्क हुने अवधि | | | |
| कहिल्यै नभएको | २ (१.१) | २ (७.७) | ४ (१.९) |
| दिनैपिच्छे | ५० (२७.५) | ३ (११.५) | ५३ (२५.५) |
| कम्तीमा हप्तामा एक पटक | ८९ (४८.९) | १२ (४६.२) | १०१ (४८.६) |
| कम्तीमा महिनामा एक पटक | ३४ (१८.७) | ८ (३०.८) | ४२ (२०.२) |
| कम्तीमा वर्षमा एक पटक | ७ (३.९) | १ (३.९) | ८ (३.९) |
| सम्पर्क माध्यम (धेरै माध्यम उल्लेख गर्न सकिने) | | | |
| मोबाइल फोन | १७८ (९८.३) | २२ (९१.७) | २०० (९७.६) |
| इन्टरनेट, एप्लिकेसन्स वा समूह | २२ (१२.२) | ६ (२५.०) | २८ (१३.७) |
| अन्य | ४ (२.२) | १ (४.२) | ५ (२.४) |
| भनेजति तलब पाए/नपाएको | | | |
| नपाएको | ४६ (२६.३) | ५ (२०.०) | ५१ (२४.६) |
| पाएको | ११२ (६१.५) | १५ (६०.०) | १२७ (६१.४) |
| थाहा नभएको | २४ (१३.२) | ५ (२०.०) | २९ (१४.०) |
| चोटपटक लागे/नलागेको | | | |
| नलागेको | १४३ (७८.६) | २० (७६.९) | १६३ (७८.४) |
| सामान्य चोटपटक | १६ (८.८) | ० | १६ (७.७) |
| गम्भीर चोटपटक | ३ (१.७) | १ (३.९) | ४ (१.९) |
| थाहा नभएको | २० (११.०) | ५ (१९.२) | २५ (१२.०) |

- पहिले विदेश गइसकेका महिला फेरि विदेश जाने सम्भावना बढी छ,
- निश्चित उमेरभन्दा कमका महिलालाई विदेश जान सरकारले प्रतिबन्ध[४] लगाएको भए पनि अधिकांश महिला कामदार विदेश जाँदा ३० भन्दा कम उमेरका थिए । यसका आधारमा के भन्न सकिन्छ भने युवा महिलालाई जानकारी र सहायता दिनुपर्छ । कानुनले निश्चित उमेरभन्दा कमका महिलालाई विदेश जान प्रतिबन्ध लगाएकाले कुनै पनि कार्यक्रम चलाउँदा महिला कामदारसम्म पुग्ने प्रभावकारी माध्यम पत्ता लगाउनुपर्छ । यस्ता कार्यक्रमले विदेश गएर फर्केका महिलालाई आफ्ना अनुभव बाँड्दा उनीहरूले सुरक्षित महसुस गर्ने बनाउनुपर्छ । साथै, विदेश जान खोज्ने कामदारलाई आफ्ना इच्छा व्यक्त गर्न प्रोत्साहन दिनुपर्छ ।

**तालिका ३: तोकिएभन्दा कम उमेरका महिलालाई विदेश जान प्रतिबन्ध लगाउने चलन सारांशमा[४]**

| | |
|---|---|
| सेप्टेम्बर २००८ | कम सीप चाहिने कामका लागि खाडी मुलुक र मलेसिया जान महिलालाई प्रतिबन्ध |
| नोभेम्बर २००९ | लेबनान जान महिलालाई प्रतिबन्ध लगाइयो |
| डिसेम्बर २०१० | खाडी मुलुक र मलेसिया जान महिलालाई लगाइएको प्रतिबन्ध हटाइयो |
| अगस्ट २०१२ | घरायसी कामका लागि अरब देशहरूमा जान तीस वर्षभन्दा कम उमेरका महिलालाई नयाँ प्रतिबन्ध |
| जुलाई २०१४ | कम सीप चाहिने कामका लागि सबै देश जान महिलामाथि लगाइएको उमेरको प्रतिबन्ध सबै उमेरका महिलामाथि लगाइयो |
| सेप्टेम्बर २०१४ | घरायसी कामका लागि विदेश जान महिलामाथि प्रतिबन्ध |
| अप्रिल २०१४ | २४ वर्ष र सोभन्दा माथिका महिला घरायसी काम गर्नलाई अरब मुलुक र दक्षिणपूर्वी एसियामा जान पाउने व्यवस्था, उनीहरू नियमित प्रक्रियाबाट ती देश जान पाउने । |

**↗ ऋण व्यवस्थापन लगायत वित्तीय योजना र वित्तीय साक्षरता सम्बन्धी चेतना जगाउने**

अध्ययन गरिएका धेरै घरधुरीले ऋण तिर्न बाँकी रहेको र विदेशमा कमाएर पठाएको पैसा प्रायशः ऋण तिर्न (खासगरी ग्रामीण भेगमा) उपयोग गरेको पाइयो ।

- कामका लागि विदेश जान चाहनेहरूका लागि चलाइने कार्यक्रमले ऋण लागेर विदेश जान खोज्ने र विदेश जान खोज्दा ऋण लाग्ने अवस्थालाई सम्बोधन गर्नुपर्छ ।
- यस्ता कार्यक्रममा वित्तीय योजना र वित्तीय साक्षरता पनि थप्नुपर्छ जसले गर्दा सम्भावित कामदारले आफ्नो पैसा व्यवस्थापन गर्न सक्छन् । सम्भव भएसम्म यस्तो जानकारी दिने कार्यक्रममा परिवारका अरू सदस्यलाई पनि सहभागी गराउनुपर्छ जसले गर्दा परिवारलाई ऋणको व्यवस्थापन गर्न र विदेशबाट पठाएको पैसा कसरी उपयोग गर्ने भनी पहिल्यै योजना बनाउन सहयोग पुग्छ ।

**↗ भाषा सम्बन्धी तालिम दिनेः** कामदार विदेश जानुभन्दा पहिले सञ्चालन गरिने कार्यक्रममा उनीहरूलाई भाषा सम्बन्धी तालिम दिने र/अथवा भाषा सम्बन्धी तालिम दिने संस्थासँग सम्पर्क कायम गराउनेतर्फ विचार गर्नुपर्छ खासगरी मलय र अरबिक भाषाको तालिम ।

**↗ मोबाइल फोनको उपयोग रणनीतिः** अधिकांश प्रवासी कामदार मोबाइल फोनमार्फत आफ्नो परिवारसँग सम्पर्क गर्छन् । कार्यक्रमले विदेशबाट फर्केका कामदार र फोन सेवाप्रदायकसँग मिलेर प्रवासीहरूलाई प्रवासीहरूको सञ्जाल बढाउन र विदेश जानुअघि तथा विदेशमा रहँदा चाहिने जानकारी, स्रोत अथवा सहायता लिन फोनको उपयोग गर्न सक्ने बनाउने रणनीति बनाउनुपर्छ । सँगसँगै, के कुरामा पनि ध्यान दिनुपर्छ भने शोषित हुने सबैभन्दा बढी खतरामा रहेका कामदारले मोबाइल फोन चलाउन नपाउन पनि सक्छन् र उनीहरूलाई सहयोग गर्नका लागि उनीहरू कार्यरत देशका स्थानीय सम्पर्क-सूत्र पनि उपयोग गर्नुपर्छ ।

**↗ स्थानीय स्रोतको उपयोगः** विदेश बसेर आएका कामदारसँग धेरै ज्ञान र अनुभव हुन्छ जसबाट विदेश जान चाहनेले फाइदा उठाउन सक्छन् । कामदार विदेश जानुअघि उनीहरूलाई सहयोग गर्न सञ्चालित कार्यक्रमले विदेश बसेर आएका कामदारले भोगेका राम्रा र नराम्रा अनुभव जान्ने मौका दिनुपर्छ, जसले गर्दा उनीहरूले दलालले दिनेभन्दा फरक जानकारी पाउँछन् । यसो भएमा विदेश जाने निर्णय गर्नुभन्दा पहिला उनीहरूसँग त्यस्तो निर्णय गर्न चाहिने पर्याप्त जानकारी हुन्छ ।

**↗ गन्तव्य देशमा उपलब्ध स्रोतबारेमा जानकारी दिनेः** काम गर्ने ठाउँमा पुगिसकेपछि प्रवासी कामदारलाई सूचना र सहयोग लिने सजिलो उपाय (त्यहाँ काम गरिरहेका अरू प्रवासी कामदार र कन्सुलेट लगायत) चाहिन्छन् । चोटपटक लाग्ने सम्भावना भएकाले औषधी-उपचार सम्बन्धी जानकारी झन् उपयोगी हुन्छन् ।

**↗ पहिलो पटक र दोस्रो पटक विदेश जाँदा फरक-फरक खालको अनुभव हुन्छ भन्ने कुरा बुझ्नेः** विदेशमा काम गरेर फर्केकामध्ये धेरैले फेरि विदेश जाने इच्छा व्यक्त गरेकाले फेरि विदेश जान चाहने व्यक्ति, उनीहरूका परिवार र छरछिमेकले पहिले विदेश जाँदाका अनुभवलाई ख्याल गरेर योजना बनाउनुपर्छ ।

यस अध्ययनले देखाएका कुरा अध्ययन गरिएका क्षेत्रका अन्य ठाउँको अवस्थासँग पनि मेल खान्छन् । यस अध्ययनको निचोड समग्र नेपाल अथवा अरू ठाउँ अनि यस अध्ययनमा महिला प्रवासी कामदार थोरै मात्र समेटिएकाले महिला कामदारका अवस्थासँग मेल नखान सक्छ । तैपनि, अरू ठाउँमा भएका अध्ययनका आधारमा के भन्न सकिन्छ भने यहाँ प्रस्तुत गरिएका जानकारी अन्य ठाउँका हकमा पनि मेल खान्छन् ।

**नोट**


1. World Bank. Nepal Development Update. Remittances at Risk. May 2016
2. Central Bureau of Statistics, Nepal Living Standards Survey reports, 1995/96, 2003/04, 2010/11.
3. Sijapati B, Bhattarai A and Pathak D. 2015. Analysis of Labour Market and Migration Trends in Nepal. Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH, International Labour Organization (ILO): Kathmandu, Nepal.
4. ILO. 2015. No easy exit – Migration bans affecting women from Nepal. Geneva.



**आभार**

स्वीफ्ट इभ्यालुएसन इन नेपालको नेतृत्व सेन्टर फर स्टडी अफ लेबर एण्ड मोबिलिटी, सोसल साइन्स बहाः काठमाडौँसँग मिलेर लण्डन स्कुल अफ हाइजिन एण्ड ट्रपिकल मेडिसिन (एलएसएचटीएम) ले गरेको छ ।

स्वीफ्ट इभ्यालुएसनलाई अन्तर्राष्ट्रिय विकास विभागको युकेएडले सहयोग गरेको छ । तर यस जानकारी पत्रमा व्यक्त भएका विचारमा सो विभागको आधिकारिक नीति झल्किएको हुन्छ भन्ने छैन ।

Centre for the Study of Labour and Mobility

UKaid from the British people

LONDON SCHOOL of HYGIENE &TROPICAL MEDICINE